# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।०२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

सडक डिभिजन कार्यालय, विराटनगरका तत्कालीन कार्यालय प्रमुख सि.डि.ई. जितेन्द्र कुमार चौधरीले उक्त कार्यालयमा कार्यालय प्रमुख पदमा कार्यरत रहँदा भूमि इन्फ्रास्ट्रक्चर प्रा.लि. बाट बिभिन्न मितिमा श्रीमतीको खातामा रकम जम्मा गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले सेवाग्राही भूमि इन्फ्रास्ट्रक्चर प्रा.लि. र उक्त प्रा.लि. सँग ज्वाइन्ट भेन्चरमा ठेक्कामा काम गर्ने ठेकेदारहरुसमेतको भूमि ईन्फ्रास्ट्रक्चर प्रा.लि.का संचालकबाट बाटो निर्माण गर्ने बिभिन्न स्वीकृत आयोजनाहरुको काम शुरु गर्दा दिइने मोविलाइजेसन रकमबाट रु. ३५,००,०००।– (पैतीस लाख) गैरकानूनी तवरले कमिसनको नाममा घुस/रिसवत लिई श्रीमतीको खातामा जम्मा गर्न लगाई निज जितेन्द्र कुमार चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६ र दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज उपर गैरकानूनी तवरले लिए खाएको कमिसन तथा घुस/रिसवतबापतको रकम बिगो रु. ३५,००,०००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६ समेतमा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम सजाय हुन र दफा ३ को उपदफा (१) बमोजिम लिएको घुस/रिसवतको रकम जफत हुनसमेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला